नेपाल सरकार

शिक्षक सेवा आयोग

खुला प्रतियोगितात्मक लिखित परीक्षा

नमुना प्रश्नपत्र २०७८

तह : निम्न माध्यमिक | पूर्णाङ्क :१००

विषय : नेपाली | उत्तीर्णाङ्क :४०

समय :३घण्टा

## खण्ड क

१. भाषाका सुनाइ, बोलाइ, पढाइ र लेखाइ सिपको अन्तरसम्बन्ध स्पष्ट गरी कक्षा ६ मा लेखाइ सिप शिक्षणमा प्रयोग हुने कुनै पाँचवटा शिक्षण सिकाइ कार्यकलाप लेख्नुहोस् । (५+५)

२. 'शिक्षा' शीर्षकमा १०० शब्दसम्मको एउटा अनुच्छेद लेखी त्यसलाई वर्णविन्यास र लेख्यचिह्न प्रयोगका आधारमा सम्पादन गरी पुनर्लेखन गर्नुहोस् । (४+६)

३. असल पाठ्यपुस्तकमा हुनुपर्ने गुणका आधारमा कक्षा ६ को नेपाली पाठ्यपुस्तकको समीक्षा गर्नुहोस् । (१०)

## खण्ड ख

४. नेपाली भाषाको विकासक्रमको रेखाङ्कन गर्दै यसको स्तरीकरणका लागि भएका प्रयासहरू उल्लेख गर्नुहोस् । (५+५)

५. 'नेपाली भाषा शिक्षकहरूको वृत्ति विकास' शीर्षकमा अनुसन्धान गर्नका लागि उद्देश्य, अध्ययन विधि र सीमाङ्कन निर्माण गर्नुहोस् । (३+४+३)

६. निम्न माध्यमिक तहमा निरन्तर मूल्याङ्कन प्रणाली र अक्षराङ्कन पद्धति प्रयोगको आवश्यकता तथा औचित्य प्रमाणित गर्नुहोस् । (५+५)

द्रष्टव्य: पाठ्यक्रमको खण्ड क बाट पूर्णाङ्क ५० का ५ प्रश्न र खण्ड ख बाट पूर्णाङ्क ५० का ५ प्रश्न गरी १०० पूर्णाङ्कको परीक्षाका लागि यस्तै प्रकृतिका प्रश्नहरू दिइने छ।